आज मिति २०७७ साल श्रावण ३१ गते दिनको १० : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को पहिलो गाउँ कार्यपालिकाको दोश्रो बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पार्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | केशर बहादुर विष्ट | नायव सुव्वा (पाचौं) | |
| २ | रेकम घोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक चौथो | |
| ४ | मन बहादुर घर्ती | कार्यालय सहयोगी | |

## पहिलो गाउँ कार्यपालिकाको दोश्रो बैठकका प्रस्तावहरु :

१) टोल विकास संस्था गठन सम्बन्धमा ।
२) दररेट सम्बन्धमा ।
३) झोलुङ्गे पुलको निर्माण सम्बन्धमा ।
४) सुलिचौर तेबाङ जोड्ने मोटरबाटो (धनभक्त ज्ञान मार्ग) रकम भुक्तानी सम्बन्धमा ।
५) चालु आ.व. को योजना सञ्चालन सम्बन्धमा ।
६) सञ्चार खर्च सम्बन्धमा ।
७) फिल्ड भत्ता निर्धारण सम्बन्धमा ।
८) नक्सा अभिलेखिकरण किताव तथा अभिलेखिकरण दस्तुर सम्बन्धमा ।
९) करार अमिन सम्बन्धमा ।
१०) विविध छलफल सम्बन्धमा ।

**२०७७ श्रावण ३० गते बसेको पहिलो कार्यपालिकाको दोश्रो बैठकका प्रस्ताव तथा निर्णयहरु २०७७/०४/३१ गते**

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | टोल विकास संस्था गठन सम्बन्धमा । | वडाहरुको टोल वस्तीहरुमा समग्र विकास निर्माण लगाएत वडासँग सरोकारको विषयमा कार्य अगाडि बढाउन टोल विकास संस्था गठन गर्न आवश्यक भएको । | गाउँपालिका भित्रका सबै वडाहरुको टोल बस्तीहरुमा विकास निर्माण लगाएत सरोकार राख्ने सामाजिक कार्यको लागि सल्लाह सुझाव तथा सामाजिक कार्य अगाडि बढाउन बुद्धिजिवि, समाजसेवी, निवृत कर्मचारीहरुको सहभागिता रहने गरि प्रत्येक वडाको टोल, वस्तीहरुमा कम्तिमा ७० घरधुरी रहने गरी टोल विकास संस्था गठन कार्यविधि स्वीकृत गरि कार्य अगाडि बढाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| २ | दररेट सम्बन्धमा । | चालु आ.व.का लागि गाउँपालिकाको दररेट तयार गर्नुपर्ने आवश्यक भएको । | गत आ.ब.मा २०७६/०७७ मा यस गाउँपालिकाको दररेट कायम भएकोलाई चालु आ.व.मा पनि यथावत राखि सोही अनुसार दररेट कायम गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ३ | झोलुङ्गे पुलको निर्माण सम्बन्धमा । | गत आ.व.मा संझौता भई कार्य सञ्चालन भएको दमाढुंगा झो.पु र तेबाडी जैसी वगर झो.पु.हरुको रकम भुक्तानी गर्नपर्ने । | गत आ.व. २०७६/०७७ मा सर्शत अनुदान अन्तर्गत निर्माणाधिन दमाढुंगा झो.पु र तेबाडी जैसी वगर झो.पु.हरुको निर्माण कार्य कोभिड-१९ का कारण सम्पन्न हुन नसकेकोले चालु आ.व. २०७७/०७८ मा गत आ.व.मा गठित उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराउने र गाउँपालिकाले व्यहोनुपर्ने लागत सहभागिता रकम समपुरक कोषबाट व्यहोर्ने साथै संघीय सरकारबाट उपलब्ध हुनुपर्ने रकम माग गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित् गर्ने निर्णय गरियो । |
| ४ | सुलिचौर तेबाङ जोड्ने मोटरबाटो (धनभक्त ज्ञान मार्ग) रकम भुक्तानी सम्बन्धमा । | गत आ.व.मा ठेक्का भएको सुलिचौर तेबाङ जोड्ने मोटरबाटोको रकम भुक्तानी गर्नुपर्ने । | गत आ.व. २०७६/०७७ मा ठेक्का संझौता भई कार्य प्रारम्भ भएको सुलिचौर तेबाङ जोड्ने मोटरबाटो (धन भक्त ज्ञान मार्ग) को निर्माण कार्य गत आ.व.मा सम्पन्न हुन नसकेले बाँकी काम निर्माण व्यवसायी सँग संझौताको म्याद थप गरि चालु आ.व.मा सम्पन्न भएकोले प्राविधिक मूल्याङ्कन अनुसार निर्माण व्यवसायीलाई दिनुपर्ने रकम समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ५ | चालु आ.व. को योजना सञ्चालन सम्बन्धमा । | चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने योजनाहरुको निर्माण कार्यको लागि समायावधिको निर्धारण गर्न आवश्यक भएको । | चालु आ.व.मा स्वीकृत योजनाहरु समयमै सम्पन्न गर्नका लागि उपभोक्ता समिति गठन भाद्र १५ सम्म, उपभोक्ता समितिलाई अभिमूखिकरण तालिम भाद्र मसान्त सम्म, योजनाहरुको प्राविधिक लागत स्टिमेट असोज १५ सम्म, योजना संझौता असोज मसान्त सम्म र निर्माण कार्य फागुन मसान्तसम्ममा सम्पन्न गरि भुक्तानी दिने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ६ | सञ्चार खर्च सम्बन्धमा । | कार्यालय प्रयोजनका लागि सेवाग्राही तथा अन्य निकायहरुसंग सम्पर्क समन्वय गर्ने कर्मचारीलाई सञ्चार खर्च उपलब्ध गराउन आवश्यक देखिएको । | कार्यालय प्रयोजनका लागि सेवाग्राही तथा अन्य निकायहरुसँग दैनिक सम्पर्कमा रहि कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई अधिकृत स्तरका कर्मचारी र वडा सचिवलाई मासिक रु ५ सय र सहायक स्तरका गाउँ कार्यपालिका र वडा स्तरका कर्मचारीहरुलाई रु ३ सय रुपैया सञ्चार खर्च वापत उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ७ | फिल्ड भत्ता निर्धारण सम्बन्धमा । | योजनाहरुको ल.ई तथा मूल्याङ्कन र घर नक्सा पासको कार्यमा खटिने प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता उपलब्ध गराउन माग भई आएको । | गाउँपालिका भित्र कार्यान्वयन हुने योजनाहरुको लागत इष्टमेट, मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन र घर नक्सा अभिलेखिकरणको लागि फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई निम्नानुसारको रकम मासिक उपलब्ध गराउने र उक्त रकम उपलब्ध गराउदा फिल्डमा खटिने कर्मचारीले कम्तिमा ३ पटक फिल्डमा खटिएको प्रतिवेदन पेश गरे पश्चात भुक्तानी गरिने साथै गाउँपालिका भित्र फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध नगराउने निर्णय गरियो ।<br>**निम्न**<br>क) इन्जिनियर मासिक रु १२ हजार ।<br>ख) सव-इन्जिनियर मासिक रु १० हजार ।<br>ग) अ.सव-इन्जिनियर मासिक रु ८ हजार । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ८ | नक्सा अभिलेखिकरण किताव तथा अभिलेखिकरण दस्तुर सम्बन्धमा । | नक्सा अभिलेखिकरण किताव तथा अभिलेखिकरण दस्तुर निर्धारण गर्न आवश्यक भएको । | यस सम्बन्धमा निर्णय नं. ४ को अनुसूची-१, वमोजिम गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ९ | करार अमिन सम्बन्धमा । | घर नक्सा पासको कार्य अगाडि बढाउन नापजाँच कार्यको लागि करार अमिन कर्मचारी राख्न आवश्यक देखिएको । | घर नक्सा र घर अभिलेखिकरणका लागि कार्यालयलाई १ जना अमिन आवश्यक परेकोले निजको नियुक्ति नहुदासम्म सेवा परामर्शमा १ जना अमिनसँग संझौता गरि घर नक्सा नापजाच तथा अभिलेखिकरणको कार्य अगाडि बढाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| १० | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** संवृद्धिका लागि वन कार्यक्रम सञ्चालन सम्बन्धमा ।<br>**ख)** कार्य सम्पादन मूल्याङ्कन फारम स्वीकृत सम्बन्धमा । | **क)** डिभिजन वन कार्यालय रोल्पाको च.नं. ४४, मिति २०७७/०४/२९ गतेको प्राप्त पत्रानुसार सम्वृद्धिका लागि वन कार्यक्रम सञ्चालनको लागि यस गाउँपालिकामा करिव ८ हजार २ सय ९ हेक्टर प्राकृतिक वन क्षेत्र रहेको हुँदा उक्त वनहरुलाई दिगोरुपमा व्यवस्थापन गर्न पत्रमा प्राप्त भएको छनौटका आधारहरुमा रहि कार्यक्रम कार्यान्वयनका लागि आर्थिक साझेदारीका लागि वन कार्यालयसँग समन्वय र सहकार्य गर्न संवृद्धिका लागि वन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।<br>**ख)** यस गाउँपालिकामा समायोजन भई आएका कर्मचारीहरु तथा लोकसेवाबाट सिफारिस भई यस पालिकामा नियुक्ति भएका कर्मचारीहरुले भरि पेश गरेको कार्य सम्पादन मूल्याङ्कन फारम स्वीकृत गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| | | ग) गाउँघर क्लिनिकका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा । | ग) सुधारिएको गाउँघर क्लिनिक वडा नं. २ गोगनपानीको लागि १ जना कार्यालय सहयोगि र १ जना अ.न.मी.को व्यवस्था गरिदिनुहुन भनि स्वस्थ्य चौकी खुंग्रिबाट मिति २०७७/०४/२२ गते वडा कार्यालयको सिफारिस सहित पत्र प्राप्त भएकोले सो सम्बन्धमा स्वास्थ्य शाखासँग समन्वय र छलफल गरि व्यवस्थापन गर्ने निर्णय गरियो । | |
| | | घ) आर्थिक सहायता सम्बन्धमा । | घ) वडा नं. ४ निवासी कमला सुनारले म मृगौला मिडित विरामी भएकोले आर्थिक सहायता पाउनको लागि र वडा नं. २ निवासी विमला महराको भिरबाट लडेर हात खुट्टा, दात र करङ भाचिएकोले औषधी उपचार खर्च वापत आर्थिक सहायता पाउँ भनि निवेदन प्राप्त भएकोले निज दुवै जनालाई जनहरु रु १५ र १० हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने र अब आइन्दा मृगौला पिडित, मुटुरोगी, पक्षघात रोगिबाटा आर्थिक सहायता माग भई आएमा वढीमा रु १५ हजार सम्म आर्थिक सहायता वापत औषधि उपचार खर्च उपलब्ध गराउने र विपन्न तथा अन्य रोगीहरुलाई अवस्था हेरी वढीमा रु १० हजार सम्म आर्थिक सहायता खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । | |
| | | ङ) कार्यविधि पारित सम्बन्धमा । | ङ) गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न कार्यविधिहरु मध्ये तयार भई पेश गरेको प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो । साथै निम्न वमोजिमका कार्यविधिहरु तयार गरि आगामी कार्यपालिका वैठकबाट छलफल गरि पारित गर्ने निर्णय गरियो ।<br><br>**निम्न**<br><br>१) जेष्ठ नागरिक क्लव गठन तथा सञ्चालन कार्यविधि, २०७७<br>२) लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७<br>३) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७<br>४) घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ | |